कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, रुकुम (पश्चिम)

## डिभजिन वन कार्यालय रुकुम पश्चिमले गत ३ महिनामा गरेका सुधारका कार्यक्रमहरुको सार्वजनिकिकरण

**क. वन संरक्षण तथा अपराध नियन्त्रण कार्य तर्फ**

१. जिल्लाको वन सुरक्षा योजना पारित गरी कार्यन्वयन गरिएको ।

२. एक वन कर्मचारी पाँच नमुना सामुदायिक वन व्यवस्थापन रणनीति २०७९ लागु गरिएको ।

३. सामुदायिक वन उपभोक्ता समुहको आन्तरिक लेखा परिक्षण फाराम तयार गरी लेखा परिक्षण व्यवस्थित गरिएको ( हिनामिना गरिएका सामुदायिक वनको कोषमा रकम दाखिला समेत गरिएको) ।

४. अतिक्रमणको तथ्यांक संकलन गरिएको तथा २ स्थानको अतिक्रमण हटाइएको ।

५. वन अपराध नियन्त्रणको लागि सुचना प्रसारण निरन्तर गरिएको ।

६. वन अपराध सम्बन्धि २ वटा मुद्धा अनुसन्धान तथा तहकिकात गरि सम्बन्धित निकायमा मुद्धा दायर गरिएको ।

७. सामुदायिक वनमा ढलापडा काठको लगत संकलन गरिएको ।

**ख. वन उद्यम नियमन तर्फ**

८. जिल्लाका फर्निचर उद्योगहरु सुचीकृतको थालनी गरिएको ।

९. स्वचालीत हाते आरा-मेसिन (Power-chain Swa) सुचिकृतको थालनी गरिएको ।

१०. काष्ठ उद्योगहरु मासिक अनुगमन गर्ने व्यवस्था गरिएको ।

**ग. कर्मचारी परिचालन तफ**

११. जिल्ला स्तरिय वन अपराध नियन्त्रण समुह (१ महिला ५ पुरुष) तयार गरिएको ।

१२. प्रत्येक सब-डि.व.का.मा २ पांग्रे सवारी साधनको व्यवस्था गरिएको ।

१३. कर्मचारीहरुको लागि फिल्ड पोशाकको निर्णय भई कार्यन्वयनको चरणमा रहेको (प्रदेश स्तरमा समेत सोही बमोजिम गर्ने निर्णय भएको ।

१४. सब-डि.व.का. लाई GPS, Rangefinder सामाग्रि सहित प्रशिक्षण दिइएको ।

१५.सब-डि.व.का.लाई वन नियमावली २०७९ बमोजिम आयतन मापन फाराम तयार गरी प्रशिक्षण दिइएको ।

१६. कर्मचारी कार्यसम्पादन स्वमुल्यांकन फाराम तयार गरीएको ।

**घ. कार्यालय व्यवस्थापन तर्फ**

१७. डि.व.का.र सब-डि.व.का.मा कर्मचारीहरुको लागि आवास व्यवस्थापन गरिएको ।

१८. सबै सब.डि.व.का.मा इन्टरनेटको व्यवस्था गरिएको ।

१९. सब-डिभिजन वन कार्यालयमा फर्निचार तथा कार्यालय व्यवस्थपन समाग्रीको व्यवस्था गरिएको ।

२०. पुराना जिन्सी समाग्री लिलाम गरिएको ।

२१. वन अपराधमा जफत गरिएका काठको प्रथम लट लिलाम गरिएको ।

२२. कार्यालयको वेबसाइट र संस्थागत इमेल तयार गरी संचालनमा ल्याइएको ।

"व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समद्बि र सुशासन"
फोन नं. :- ०८८-५३०३४९
ईमेल :- dforukumwest@karnali.gov.np